**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०६ सितम्बर २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचाा**

१. प्रधानमन्त्री नरेन्द्र मोदी र अबुधाबीका युवराज शेख खालिद बिन मोहम्मद बिन जायद अल नाह्यानबीच पाँच वटा सम्झौतामा हस्ताक्षर भएको छ ।

२. भारतीय सेना र वायु सेनाले गति शक्ति विश्वविद्यालयसँग लजिस्टिक अपरेसनमा कर्मचारीहरूको कौशल र क्षमता अभिवृद्धिका लागि एक सम्झौता पत्रमा हस्ताक्षर गरेका छन्।

३. दोस्रो अन्तर्राष्ट्रिय बौद्ध मिडिया सम्मेलन ११ सितम्बरमा नयाँ दिल्लीमा आयोजना हुने भएको छ।

४. भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले चौथो स्थापना दिवस आज मिरिकको आले खेल मैदानमा भव्य रूपमा पालन गर्यो ।

५. मंग्पू अनि बिजनबारीमा स्वर साम्राज्ञी अरुणा लामा अनि प्रसिद्ध लोक गायिका हिरादेवी वाईबाको जन्म जयन्ती भव्यताको साथ सम्पन्न ।

**प्रधानमंत्री नरेंद्र मोदी यु ए ई युवराज भेटघाट**

प्रधानमन्त्री नरेन्द्र मोदीर अबुधाबीका युवराज शेख खालिद बिन मोहम्मद बिन जायद अल नाह्यानबीच आज नयाँ दिल्लीमा बातचित गर्नु भएको छ। दुवै नेताले बहुआयामिक भारत–संयुक्त अरब अमिरात सम्बन्धका बीच नयाँ उदीयमान क्षेत्रमा व्यापक रणनीतिक साझेदारीलाई मजबुत बनाउने अवसरबारे चर्चा गर्नुभयो । बातचितको क्रममा पाँच वटा सम्झौतामा हस्ताक्षर भएको छ । जसमा अमिरात न्युक्लियर इनर्जी कम्पनी र न्युक्लियर पावर कर्पोरेसन अफ इन्डिया लिमिटेडबीच बाराकाह न्युक्लियर प्लान्टको सञ्चालन र देखरेख सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भएको छ। अबुधाबी नेसनल आयल कम्पनी र इन्डिया आयल कर्पोरेसनबीच दीर्घकालीन प्राकृतिक ग्यास आपूर्ति सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ। अबुधाबीका युवराजले राष्ट्रपति द्रौपदी मुर्मूसँग आज अपराह्न राष्ट्रपति भवनमा शिष्टाचार भेट गर्नुभयो । राष्ट्रपति मुर्मु ले दुई देशबीचको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धको प्रशंसा गर्नुभयो।

****** ० ******

**दोस्रो अन्तर्राष्ट्र्य बौद्ध मिडिया सम्मेलन**

दोस्रो अन्तर्राष्ट्रिय बौद्ध मिडिया सम्मेलन ११ सितम्बरमा नयाँ दिल्लीमा आयोजना हुने भएको छ। सम्मेलनको मूल नारा 'सङ्घर्ष निवारण र सतत विकासका लागि गम्भीर चिन्तन रहेको छ। सम्मेलनको उद्देश्य नैतिक पत्रकारिता र गम्भीर चिन्तनलाई बढावा दिनुका साथै एशियामा पेशेवर बौद्ध मिडियाको सञ्जाल स्थापना गर्नु रहेको छ । यस सम्मेलनमा १८ देशका मिडिया प्रतिनिधिको उपस्थिति रहनेछ।

****** ० ******

**भारतीय सेना और वायु सेना**

भारतीय सेना र वायु सेनाले गति शक्ति विश्वविद्यालयसँग लजिस्टिक अपरेसनमा कर्मचारीहरूको कौशल र क्षमता अभिवृद्धिका लागि एक सम्झौता पत्रमा हस्ताक्षर गरेका छन्। यस अवसरमा रक्षामन्त्री राजनाथ सिंहले विश्वस्तरीय र भविष्यको लागि तयार लजिस्टिक प्रणाली सिर्जना गर्न र रक्षा क्षेत्रमा आत्मनिर्भरता हासिल गर्न यो महत्वपूर्ण साझेदारी भएको बताउनु भएको

छ । यस अवसरमा रेल मन्त्री अश्विनी वैष्णवले विश्वविद्यालयले अत्याधुनिक रसद शिक्षा, अनुसन्धान र नवाचारको साथ सशस्त्र सेनालाई सशक्त बनाउन एक प्रमुख भागीदारको रूपमा काम गर्ने बताउनु भएको छ ।

****** ० ******

**प्रधानमंत्री राष्ट्रीय बाल पुरस्कार 2025**

प्रधानमन्त्री राष्ट्रिय बाल पुरस्कार २०२५ को लागि नामांकन यस महिनाको १५ तारिखसम्म दर्ता गर्न सकिनेछ । महिला तथा बाल विकास मन्त्रालयले हरेक वर्ष जनवरीमा यो पुरस्कार आयोजना गर्दै आएको छ । विजेताहरूको घोषणा यस वर्षको २६ दिसम्बर मा वीर बाल दिवसमा गरिनेछ। यस पुरस्कारको उद्देश्य बालबालिकाको ऊर्जा, दृढ संकल्प, क्षमता र उत्साहलाई सम्मान गर्नु रहेको छ । पाँच वर्ष देखि १८ वर्ष उमेर समूहका बालबालिका यो पुरस्कारका लागि योग्य छन् । नामांकन राष्ट्रिय पुरस्कारको आधिकारिक वेबसाइटको माध्यमबाट गर्न सकिनेछ ।

****** ० ******

**प्रधानमन्त्री -सेमिकन इन्डिया**

प्रधानमन्त्री नरेन्द्र मोदीले ११ सितम्बरमा ग्रेटर नोयडास्थित इन्डिया एक्स्पो मार्टमा सेमीकोन इन्डिया सम्मेलनको उद्घाटन गर्नुहुनेछ । सम्मेलन ११ देखि १३ सितम्बर सम्म हुनेछ । यसको उद्देश्य देशको सेमीकन्डक्टर क्षेत्रलाई बढावा दिनु र भारतलाई यस क्षेत्रमा एक महत्वपूर्ण वैश्विक प्रतिस्पर्धीको रूपमा स्थान दिनु रहेको छ । यस अवसरमा उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ पनि उपस्थित हुनुहुनेछ । यस वर्ष सेमीकोन इन्डिया प्रदर्शनी तथा सम्मेलन दक्षिण पूर्वी एसियाको सबैभन्दा ठूलो इलेक्ट्रोनिक्स मेला 'इलेक्ट्रोनिका इन्डिया' र 'प्रोडक्टरोनिका इन्डिया' सँग आयोजना हुनेछ । यस कार्यक्रममा स्वदेशी र अन्तर्राष्ट्रिय कम्पनीहरूको सहभागिता हुनेछ जसले भारतको सेमीकन्डक्टर क्षेत्रलाई बलियो बनाउने र नयाँ व्यावसायिक अवसरहरूको खोजी गर्ने अवसर प्रदान गर्नेछ।

****** ० ******

**अरुणा लामा अनि हिरादेवी वाईबाको जन्म जयन्ती**

अरुणा लामा शालिग संरक्षण निर्माण समिति मङपूको आयोजनामा आज नेपाली सङ्गीत जगतका दुई गायिका स्वर साम्राज्ञी अरुणा लामा अनि हिरादेवी वाईबाको जन्म जयन्ती भव्यताको साथ सम्पन्न गरियो । गायक राजेन आलेको अध्यक्षतामा मंग्पू शरण उद्यान पार्कमा अवस्थित अरुणा लामा सालिगमा समारोहका प्रमुख अतिथि साहित्यकार केबी गिरी, मङपू सिन्कोना बगान व्यवस्थापक गोपाल लामिछाने, , कलाकार मनोज एकलकाटे अनि अन्यको बाहुलीबाट अरुणा लामाको प्रतिमा अनि हिरादेवी वाईबाको तस्वीरमा दीप प्रज्वलन, पुष्पार्पण अनि खदार्पाण गरियो।कार्यक्रममा मङपू सांगीतिक कला एकाईका कलाकारहरूले अरुणा लामा अनि हिरादेवी वाईबाको गीत प्रस्तुत गरेका थिए।

****** ० ******

**भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा-स्थापना दिवस**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले चौथो स्थापना दिवस आज मिरिकको आहाले खेल मैदानमा भव्य रूपमा पालन गर्यो । यस अवसरमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका केन्द्रिय अध्यक्ष एवं गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल अनित थापाले मुख्य अतिथिको रुपमा सम्बोधन गर्नुहुदै पार्टीको चार बर्षको उपलब्धि बारे प्रकाश पार्नुहुदै दार्जीलिंग पहाडका चिया बगान, सिन्कोना बगानमा बसोबास गर्ने मानिसहरुको जमिनको प्रत्याभूति सुनिश्चित गर्नको लागी पार्टीले हाम्रो भूमि, हाम्रो नाम आफ्नो माटो, आफ्नो नाम नामक नयाँ अभियान शुरु गर्ने घोषणा गर्नुभएको छ । उहाले ११ जनजातिको मुद्दालाई समाधान गर्न भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले जिम्मेवारी वहन गर्ने बताउनु हुदै आगामी बर्ष २०२६ मा पुनर्सिमाङ्कन भइरहेको र यस पछि जीटीए क्षेत्रमा ९ जना बिधायक र अझै थप एक जना सांसद हुनपर्ने आवश्यकता माथी जोर दिनुभएको छ ।श्री थापाले पुनर्सिमाङ्कनलाई पार्टीले गम्भीर्तापुर्वक लिएको बताउनु भएको छ । उहाँलेटिस्टा बाढ़ पीडितलाई आफ्नो इच्छाले घर बनाउन सकुन भन्ने उदेश्यले ३ लाख रुपियाँ दिने घोषणा गर्नुभएको छ ।यस अवसरमा विभिन्न सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएका थिए ।

****** ० ******

**विदेश मंत्री -गल्फ**

विदेशमन्त्री एस जयशंकरले गल्फ कोअपरेसन काउन्सिल (जी.सी.सी) र ब्राजिलका विदेशमन्त्रीहरूसँग रियादमा भएको भारत–जीसीसी विदेशमन्त्रीहरूको पहिलो बैठकको क्रममा द्विपक्षीय बैठक गर्नुभयो I यी चर्चाहरूमा द्विपक्षीय, क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूको विस्तृत श्रृंखला समावेश गरिएको थियो। साउदी अरबका विदेशमन्त्री फैजल बिन फरहानसँगको भेटमा डा. जयशंकरले द्विपक्षीय सम्बन्धमा भएको प्रगति र विश्वव्यापी तथा क्षेत्रीय दुवै विषयमा साझा दृष्टिकोणको समीक्षा गर्नुभयो । उहाँले आफ्ना साउदी समकक्षीलाई चाँडै नै भारतमा स्वागत गर्न आफू आतुर रहेको पनि बताउनु भयो । श्री जयशंकरले कुवेतका विदेशमन्त्री अब्दुल्लाह अली अल याह्यासँग गरेको चर्चा कुवेतमा हालै भएको फलदायी भेटवार्तामा आधारित थियो। विदेश मंत्री श्री जयशंकरले ब्राजिलका विदेशमन्त्री माउरो भिएरासँग पनि भेटघाट गर्नुभयो। उहाँहरूबीच जी–२०, ब्रिक्स र जारी युक्रेन द्वन्द्वलगायतका प्रमुख बहुपक्षीय मुद्दाहरू समेटिएका थिए, जसले खाडी क्षेत्रभन्दा बाहिर भारतको संलग्नतालाई उजागर गरेको थियो।

****** ० ******

**भाजपा -मुख्यमन्त्री राजिनामाको माग**

आरजी कार मेडिकल कलेज एवं अस्पतालमा एक प्रशिक्षार्थी डाक्टरको बलात्कार र हत्याको सम्बन्धमा निष्पक्ष जाच सुनिश्चित गर्न भारतीय जनता पार्टीले पश्चिम बङ्गालका मुख्यमन्त्री ममता ब्यनार्जीको राजीनामाको माग गरेको छ Iभाजपाका प्रवक्ता गौरव भाटियाले दिल्लीमा पत्रकारहरूलाई सम्बोधन गर्नुहुदै महिलाहरूलाई सुरक्षा प्रदान गर्न असफल भएको आरोप लगाउदै कोलकाताका पुलिस आयुक्तलाई बर्खास्त गर्ने माग गर्नुभएको छ। प्रवक्ता श्री भाटियाले भाजपा पीडित परिवारका लागि न्याय र पश्चिम बङ्गालमा महिलाहरुको सुरक्षाको पक्षमा रहेको बताउनु भएको छ ।

****** ० ******

**कोलकाता वित्तीय अनियमितता जांच**

कोलकाताको आरजी कार मेडिकल कलेज अस्पतालमा भएको आर्थिक अनियमितताको जाच गरिरहेका प्रवर्तन निदेशालय (ईडी) का अधिकारीहरूले घोटालाबाट कमाएको कालो धनको एक भाग अवैध रूपमा हवालामार्फत छिमेकी बङ्गलादेशको रियल इस्टेट व्यवसायमा लगानी गरिएको सुराग फेला पारेका छन्। जाचको क्रममा जफत गरिएका विभिन्न कागजातबाट जाच अधिकारीहरूले रियल इस्टेट व्यवसायमा रुचि राख्ने दुई जना बंगलादेशी व्यवसायीको नाम फेला पारेका छन्। यी व्यवसायीले आरजी कार मेडिकल कलेजका पूर्व प्रिन्सिपल सन्दिप घोषलाई भेटदै आएका छन्। सुत्र अनुसार गत हप्ता ईडीका अधिकारीहरूले कोलकाताको उत्तरी उपनगर साल्ट लेकस्थित व्यापारी स्वपन साहको घरबाट ७ करोड रुपिया बराबरको सुन जफत गरेका थिए। स्वपन साह सन्दिप घोषको निकट मानिएको छ । ईडीले सन्दिप घोषको अकुत सम्पत्तिको पनि जाच गरिरहेको छ र कोलकातामा एक ट्विन फ्ल्याट र उपनगरमा एक उच्च स्तरीय रिसोर्ट बंगला सहित उनको धेरै सम्पत्तिहरू पत्ता लगाएको छ, जसको बजार मूल्य करोडौं रुपियाँको रहेको अनुमान गरिएको छ।

****** ० ******

**सर्वोच्च न्यायालय-शिक्षक भर्ती घोटाला**

सर्वोच्च न्यायालयले शिक्षक भर्ती घोटाला मामिलामा तृणमूल कंग्रेस सांसद अभिषेक ब्यनर्जी र उनकी पत्नी रूजिरा ब्यनर्जीलाई ईडीको नोटिसविरूद्ध दर्ता याचिकालाई खारेज गरिदिएको छ। जस्टिस बेला एम त्रिवेदीको अध्यक्षतामा रहेको खण्डपिठले उक्त याचिकालाई खारेज गरिदिएको छ Iसर्वोच्च न्यायालयले गत 13 अगस्तको फसेलालाई सुरक्षित राखेको थियो। अभिषेक ब्यनर्जीको पक्षबाट पेश वकिल कपिल सिब्बलले भन्नुभएको थियो -, ईडीले अभिषेक ब्यनर्जीसित जाँचबुझ गर्नको लागि अन्तिम पटक वर्ष 2022-मा बोलाएको थियो भने उनकी पत्नीलाई सेप्टेम्बर 23-मा अन्तिम पटक बोलाएको थियो। सिब्बलले अझ भन्नुभएको थियो , ईडीले कोलकातामै जाँचबुझ गर्नुपर्छ, उनीहरूलाई दिल्ली बोलाउनुको अर्थ छैन। उहाँले भनेका थिए, मामिला कोलकातामा दर्ता छ, जाँच पनि त्यहीँ भइरहेको छ।जबकी ईडीले जाँचमा सहयोग गर्न लागि तयार रहेको बताएको छ I

****** ० ******

****** ० ******

************